Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
वार्षिक, अर्द्धवार्षिक वा त्रैमासिकमा ७५ प्रतिशतसम्म छुट छ ।
सम्पर्क: ९८५२८३५८८८

■ बर्ष-१६, ▶▶ अंक २९४ ▶▶ बैशाख ३१ शुक्रबार,२०७८, May - 14 Friday, 2021, यलेदुङ किरात सम्बत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com



**पत्रकारकोलागि क्वारेन्टाइन्** ।नेपाल पत्रकार महासघं उदयपुरले जिल्लामा कार्यगत पत्रकारहरुकालागि बनाएका ५बेटको क्वारेन्टाइन्। *तस्बिर - बिधायक राई ।*

हामी स्थानीय हौ,
स्थानीय उत्पादन नै उपयोग गरौं,
गिरीबन्धु प्लाष्टिकका पाइप !



## उदयपपुरमा ३५ नयाँ संक्रमित

# निशेधाज्ञा जेठ पहिलो सातासम्म

❖ मुलुकी संवाद्दाता

*उदयपुर, वैशाख ३०*

कोविड संक्रमण बढ्दै गएपछि उदयपुरमा थप एकसाता निशेधाज्ञा लम्ब्याइने भएको छ । गत २५ गते रातिदेखि जिल्लामा सातादिनका जारी गरिएको निशेधाज्ञा शुक्रबार राति सकिएगत्तै पुन: अर्को साता थप्न लागिएको हो ।




दिनहु संक्रमित बढिरहेकाले निशेधाज्ञा अवधि लम्ब्याउने जिल्ला कोविड शंकट व्यवस्थापन केन्द्र (डिसिसिएम सी)ले जारी गर्न सिफारिस गरेको छ । बिहीबारु बसेको बैठकले संक्रमित बढ्ने क्रम नरोकिएकाले निशेधाज्ञा लम्ब्याउन सिफारिस गरेको डिसिसिएमसीका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी तुलसीर ाम सेंढाईले बताए ।

डिसिसिएमसीको सिफारिस अनुसार प्रशासनले निशेधाज्ञा लम्ब्याउने तयारी गरि रहेको छ । डिसिसिएमसीले गर ेको सिफारिस अनुसार अव प्रशासनले निर्णय गरेर थप एकहप्तालाई निशेधाज्ञा जारी गर्ने उनले बताए । मानव चलखेल जति कम भयो, उत्ति संक्रमण कम गर्न सकिने भएकाले निशेधाज्ञा लम्ब्याउनु परेको सिडिओ सेंढाईको भनाई छ ।

उदयपुरमा बिहीबार दिउँसोसम्म ३ सय ११ मा संक्रमण पुष्टि भएको छ । अघिल्लो दिनसम्म २ सय ७९ संक्रमित देखिएकोमा बिहीबार १४ महिलासहित ३५ जना संक्रमित थपिएको जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । संक्रमितमध्ये १ सय ३२ महिला छन् भने १ सय ७९ पुरुष रहेको स्वास्थ्य कार्यालयका तथ्यांक अधिकृत उमेश लुईटेलले बताए । संक्रमित त्रियुगा नगरपालिकाका २७रु चौदण्डीगढी नगरपालिकाका ८ जना रहेका छन् । बेलटारको आईसोलेसनमा २२ जनाको उपचार भइरहेको छ । हालसम्म २ महिलासहित ४ जना निको भएका छन् भने ३ महिलासहित ७ जनाको ज्यान गएको छ ।

रौताको शुद्ध पानी, सुरक्षित जिन्दगानी...

हिमाल, पहाड, तराई, सहरदेखि गाउँ-गाउँसम्मको रोजाई पवित्र रौता पोखरीको मुहान त्रियुगा नदीबाट उत्पादित शुद्ध मिनिरल वाटर रौता पानी सधैं सबैले प्रयोग गरौं ।






प्रोपाइटर - पर्शुराम चौधरी, फोन: ९८५२८३५०३७

त्रियुगा नगरपालिका - ३ मोतिगडा, उदयपुर

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# थरुहट रंगशालामा थप ३ प्याराफित बन्दै अब ६ हजार दर्शक अट्ने

❖ बुद्धि चामलिङ

*गाईघाट, वैशाख ३०*

उदयपुर सदरमुकाम गाईघाटमा रहेको थरुहट उदयपुररंगशालामा ६ हजार दर्शकले सुबिधा सम्पन्न प्याराफिटमा बसेर खेलकुदका गतिबिधि हेर्न पाउने भएका छन् । करिब ६ बिगाहा क्षेत्रफलमा फैलिएको रंगशालामा यसअघि रंगशालाको उत्तर दिशामा ७ वटा र दक्षिण दिशामा ४ वटा प्याराफिट बनिसकेका छन् ।

बाँकी रहेको पूर्वतर्फको खाली जमिनमा चालू आर्थिक वर्ष २०७७/७८ मा १ नम्बर प्रदेश सरकारको बजेटमा ३ वटा प्याराफिट निर्माण सुरु भएको छ । प्याराफिट निर्माणको जिम्मा सप्तरीको युनिक ब्युलडर निर्माण कम्पनीले पाएको छ । २०७७ पुस ५ गते ४१ लाखमा ठेक्का लिएर ३ वटा प्याराफिट बनाउने काम सुरु गरेको निर्माण कम्पनी सञ्चालक निलेश झाले बताए ।



२०७८ जेठ १८ गतेभित्र निर्माण गरिसक्नु पर्ने लिएको ठेक्काको काम हाल धमाधम भईरहेको झाले बताए । ६२ लाख रुपैंया लागत इस्टीमेटको उक्त काम युनिक ब्युलडरले ४४ प्रतिशत कममा कामको जिम्मा लिएको ठेकेदार झाले बताए ।

एउटा प्याराफिटको लम्बाई ४५ मिटर लामो हुनेछ भने उचाइ ३ मिटर १५ सेन्टिमिटरको हुनेछ । निर्माणाधीन ३ वटा प्याराफिट सँगै रंगशालालाई चाहिने सबै प्याराफिट पूरा हुने थरुहट रंगशाला निर्माण समितिका सचिव सन्तोषकुमार चौधरीले बताए ।

८ स्टेप सिंढी रहने प्याराफिटमा एउटा प्याराफिटमा २ सय ४० जना दर्शक अट्ने चौधरी बताउँछन् । निर्माणाधीन ३ प्याराफिटसँगै रंशालालाई पुरै प्याराफिटले घेर्नेछ । रंगशालाको दक्षिण-पश्चिमतर्फ र मुख्य प्याराफिटको उत्तर पश्चिममा रहेको खाली ठाउँमा भने गेट राखिने समितिका सचिव चौधरीले बताएका छन् ।

डिभिजन वन कार्यालय
गाईघाट, उदयपुर

"रुख बिरुवा रोपौं, वन जोगाऔं,
हरियाली बचाऔं,
जलवायु परिवर्तन हुनबाट रोकेर
सम्पूर्ण मानव सभ्यताको
रक्षा गरौं ।"

डिभिजन वन अधिकृत

सस्तोमा गिफ्टका सामान र गुडीया तालिम



यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ । साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।

खवालुङ गुडीया सप्लायर्स

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड
प्रोपाईटर :- एनुका राई
सम्पर्क :- ९८१५७७१०५२

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# पत्रकार महासंघले क्वारेन्टाइन बनायो

❖ मुलुकी संवाददाता

*गाईघाट, वैशाख ३०*

नेपाल पत्रकार महासंघ शाखा उदयपुरले जिल्लामा रहेका पत्रकारका लागि ५ बेडको क्वारेन्टाइन बनाएको छ । महासंघले क्वारेन्टाइन बनाउने निर्णय गरे अनुसार तल्लो तलामा ५ बेडको क्वारेन्टाइन बनाएको हो ।

क्वारेन्टाइन बनाउन डस्ना, तन्ना, झुल, सिरानी र ओढ्ने किन्न इन्जिनियर बसन्त थापाले आर्थिक सहयोग गरेको उपाध्यक्ष गंगा राईले बताइन् । जिल्लामा सक्रिय पत्रकारिता गरिरहेका पत्रकारहरुका लागि आफ्नू परिबारबाट बेग्लै रहेर काम गर्न



चाहे महासंघको क्वारेन्टाइनमा आएर बस्नसक्ने अध्यक्ष भरत खडकाले बताए ।

अध्यक्ष खड्काका अनुसार गत वर्ष उदयपुरका १ जना पत्रकारलाई कोरोना संक्रमण भएकाले यो वर्ष तयारी स्वरुप क्वारेन्टाइन बनाइएको हो । हालसम्म उदयपुरमा क्रियाशिल कुनै पनि पत्रकारलाई संक्रमण नभएको पनि अध्यक्ष खड्काले बताए ।

५ बेडको क्वारेन्टाइन बनाउनका लागि आवश्यक खाट गाईघाट पिपलचोकस्थित मेलिना होटलका संचालक गङ्गा बाहिङ राईले प्रदान गरेको महासङघ सदस्य बुद्धि चामलिङले बताए ।



बसन्त थापा



गंगा राई

उनका अनुसार उदयपुर जिल्लामा कुनै पत्रकारलाई संक्रमण भइहाले महासंघको क्वारेन्टाइनको क्वारेन्टाईनमा आएर बस्न सक्नेछ। महासङघले बनाएको क्वारेन्टाइमा पत्रकारलाई मात्र राख्ने र उनीहरुलाई खाने बस्ने व्यबस्थासमेत गरिएको छ ।

## मंगलबार गाईघाटमा बजारमा तरकारीको मूल्य

प्रति केजी)

| | | | | | |
|---|---|---|---|---|---|
| १, | लटटे साग | रु ४० | १३, | फर्सि | रु ३० |
| २, | अदुवा | रु १२० | १४, | कटहर | रु ६० |
| ३, | टमाटर | रु ३० | १५, | काका | रु ३० |
| ४, | बन्दा | रु ४० | १६, | धनियाँ | रु १०० |
| ५, | भेन्टा | रु ४० | १७, | लोकलबोडि | रु ६० |
| ६, | खुर्सानी | रु १२० | १८, | खर्बुजा | रु ४० |
| ७, | मुला | रु ४० | १९, | रायो साग | रु ८० |
| ८, | पर्वल | रु ८० | २०, | प्याज नयाँ | रु ४० |
| ९, | तितेकरेला | रु ६० | २१, | प्याज पुरानो | रु ५० |
| १०, | भिन्डी | रु ६० | २२, | आलु सेतो | रु ३० |
| ११, | च्याउ | रु २०० | २३, | आलु रातो | रु ४० |
| १२, | फुलकोबी | रु १०० | | | |

***नोट:*** *तोकिएको खुद्रा मूल्यमा केही थपघट हुन सक्नेछ।*










